का.जि.प्र.का.द.नं. १००/०५९/६०
२९ जेठ २०८२,
बिहीबार
12 June, 2025
Thursday
मूल्य रु. ५/-


# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक १३० । पृष्ठ ८ Madhy www.madhyanhadaily.com

# वर्षदिन पछि फर्किएको आशा





> प्रधानमन्त्री ओली र भारतीय समकक्षी नरेन्द्र मोदीबीच पटक-पटक भेट भइसकेको छ, त्यसैले भ्रमणको सम्भावना सधैं खुला छ
>
> ■ **विष्णु रिमाल**
> प्रधानमन्त्रीका प्रमुख राजनीतिक सल्लाहकार

**निमिष झा/मध्यान्ह**
काठमाडौं, २८ जेठ

सरकारले प्रधानमन्त्री केपी शर्मा ओलीको भारत भ्रमणको तयारी पुनः थालेको छ। साउनको दोस्रो हप्ता प्रधानमन्त्री ओलीको भारत भ्रमणको तयारी थालिएको प्रधानमन्त्री निकट स्रोतले जानकारी दिएको छ।

यसका साथै प्रधानमन्त्री ओली असारको दोस्रो हप्ता स्पेन र साउनको तेस्रो हप्ता तुर्कमेनिस्तानको पनि भ्रमण गर्नेछन्। परराष्ट्र मन्त्रालय र प्रधानमन्त्रीको कार्यालयले यी ३ वटै देशको भ्रमणको तयारी सुरु गरेको छ।

प्रधानमन्त्री ओलीको स्पेन र तुर्कमेनिस्तानको भ्रमणको मिति लगभग टुंगो लागिसके पनि भारत भ्रमणको मिति निश्चित नभएको परराष्ट्र मन्त्रालयका अधिकारीहरूले जनाएका छन्। यद्यपी भ्रमण साउनको दोस्रो हप्तामा हुने सम्भावना बढी रहेको अधिकारीहरू बताउँछन्। भारत भ्रमणको सन्दर्भमा नयाँ दिल्लीबाट सकारात्मक संकेत आएकाले पृष्ठ २ मा

## स्पेन र तुर्कमेनिस्तान पनि जाने

यसैबीच प्रधानमन्त्री ओली आगामी जुन ३० देखि जुलाई ३ (असार १६-१९)सम्म स्पेनको सेभिलमा हुने चौथो संयुक्त राष्ट्र संघीय विकासका लागि वित्तीय सहयोग सम्मेलन 'द फोर्थ इन्टरनेसनल कन्फरेन्स अन फिनान्सिङ फर डेभलपमेन्ट' (एसएफडी-फोर) मा सहभागी हुनेछन्।

यो उच्चस्तरीय सम्मेलनले विश्वभरका राष्ट्रप्रमुख, सरकारी प्रतिनिधि र अन्य सरोकारवालाहरूलाई दिगो विकासका लागि वित्तीय सहकार्यबारे छलफल गर्ने थलो हो। परराष्ट्र मन्त्रालयले यस सम्मेलनका लागि प्रतिनिधिमण्डल पठाउने तयारी गरिरहेको छ।

सम्मेलनले नयाँ र उदीयमान मुद्दाहरूलाई सम्बोधन गर्नुका साथै संयुक्त राष्ट्र संघले तय गरेका दिगो विकासका लक्ष्यहरूलाई पूर्णरूपमा कार्यान्वयन गर्न तत्कालका आवश्यकता र अन्तर्राष्ट्रिय वित्तीय संरचनाको सुधारको पक्षमा मत जाहेर गर्नेछ।

'अमेरिकामा डोनाल्ड ट्रम्प राष्ट्रपति निर्वाचित भएपछि अन्य देशहरूलाई गर्ने सहयोग रकम स्थगित गरेका छन्। त्यसको असर नेपाललाई पनि परेको छ, ट्रम्पको निर्णयका कारण युरोपेली मुलुकले गर्ने सहयोग रकम पनि कटौती हुने पक्काजस्तै छ,' परराष्ट्र मन्त्रालयका एक अधिकारीले भने, 'यो स्थितिमा 'एसएफडी-फोर'को सम्मेलन नेपालका लागि महत्त्वपूर्ण छ। नेपालको दिगो विकासका लागि अन्तर्राष्ट्रिय सहयोग जुटाउन सम्मेलनमा प्रधानमन्त्री नै सहभागी हुनु नेपालका लागि लाभदायक छ।'

साथै मन्त्रालयले प्रधानमन्त्रीको द्विपक्षीय भ्रमणको व्यवस्था मिलाइदिन पनि स्पेन सरकारलाई आग्रह गरेको छ। तर स्पेनले प्रधानमन्त्रीको द्विपक्षीय भ्रमणका लागि औपचारिक सहमति अझै दिएको छैन। यदि प्रधानमन्त्रीले यूरोपेली देशको द्विपक्षीय भ्रमण गरेमा उनी स्पेनका वरिष्ठ अधिकारीहरूसँग भेटवार्ता गर्नेछन् पृष्ठ २ मा

# २३ हजार शिक्षक अपुग



> शिक्षक नहुँदा पठनपाठन ठप्प हुन्छ। शैक्षिक गुणस्तर खस्किन्छ। एकै शिक्षकले धेरै विद्यार्थी पढाउनुपर्ने अवस्थाले दक्ष जनशक्ति उत्पादन हुन सक्दैन।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २८ जेठ।

देशभरका माध्यमिक तह (मावि) र निम्न माध्यमिक तह (निमावि) तहमा २३ हजार शिक्षक अपुग रहेको पाइएको छ। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले गठन गरेको 'शिक्षकको दरबन्दी पुनरावलोकन अध्ययन कार्यदल'ले यस्तो औंल्याएको हो।

मन्त्रालयले पूर्वसचिव दिपेन्द्र विक्रम थापाको संयोजकत्वमा २०८१ मंसिर तेस्रो साता कार्यदल गठन गरेको थियो। उक्त कार्यदलको अध्ययनअनुसार देशभरका सामुदायिक विद्यालयको माविमा १० हजार र निमाविमा १३ हजारभन्दा बढी शिक्षक दरबन्दी अपुग छ।

कार्यदललाई विद्यार्थी र शिक्षकको अनुपातअनुसार शिक्षक दरबन्दीको अवस्था हेर्न र विद्यार्थी र शिक्षकको अनुपात कसरी मिलाउने भनेर अध्ययन गरेर सरकारलाई सुझावसहितको प्रतिवेदन बुझाउन भनिएको थियो। त्यसआधारमा भएको अध्ययनले देशभरका मावि र निमावि तहमा २३ हजार बढी शिक्षक अपुग रहेको देखाएको हो।

शिक्षा नियमावलीअनुसार विद्यार्थी शिक्षकको अनुपात भूगोलअनुसार फरक-फरक छ। हिमालमा ४० जना विद्यार्थी बराबर एक शिक्षक, पहाडमा ४५ विद्यार्थी बराबर एक शिक्षक र तराई तथा काठमाडौं उपत्यकामा ५० विद्यार्थी बराबर एक शिक्षक हुनुपर्ने प्रावधान छ। तर, नियमावलीअनुसार अनुपात नमिलेको अध्ययनले देखाएको छ।

माध्यमिक तहमा विज्ञान, गणित र अंग्रेजी विषयका शिक्षकको अभाव छ। कार्यदलका अनुसार विज्ञान, पृष्ठ २ मा

५२ संवैधानिक निकायमा नियुक्ति

# फैसला सरेको सर्‍यै

**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ जेठ।

५२ जना संवैधानिक निकायका पदाधिकारीविरुद्धको फैसलाका विषयमा सर्वोच्च अदालतको संवैधानिक इजलासले बुधबार सुनाउने भनेको स्थगित भएको छ। न्यायाधीशहरूबीच छलफल नटुंगिएकाले फैसला नसुनाइएको सर्वोच्च अदालतले जनाएको छ। अब सर्वोच्चले यसबारे १८ असारमा निर्णय सुनाउने छ।

अख्तियारसहित निर्वाचन आयोग, राष्ट्रिय मानवअधिकार आयोग, महिला आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, लोकसेवा आयोगलगायत विभिन्न संवैधानिक पदहरूमा नियुक्त अधिकारीहरूबारेको फैसलाबारे सर्वोच्चबाट आउने भनिएको फैसलाका सरेको हो।

बुधबार संवैधानिक पदाधिकारी नियुक्ति विवादमा दिनभर न्यायाधीशहरूबीच छलफल भए पनि साँझ ५ बजे निर्णय सुनाउने दिन सरेको हो। १ जेठमा सुनुवाइ सकेको संवैधानिक इजलासले त्यहीदिन बुधबारका लागि निर्णय सुनाउने दिन तोकेको थियो। तर अन्तिममा निर्णय सुनाउने दिन सरेको हो। संवैधानिक नियुक्ति विषयमा ३० माघमा खोलिएको फाइलमा १ जेठमा सुनुवाइ सकिएको थियो।

तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्रशम्सेर जबराको पालादेखि अस्वाभाविक रूपमा रोकिएको र लम्बिएको मुद्दा ४ वर्षपछि सुनुवाइ भएको हो। सर्वोच्चले यो महिनाको सुरुमा कानुन व्ययवसायीहरूलाई ढिलोमा १६ जेठभित्र बहसनोट बुझाउने समय तोकेको थियो। पछिल्लो समय भने निरन्तर सुनुवाइ गरेर ४ वर्षअघिको विवादको निर्णय सुनाउने अवस्थामा सर्वोच्च पुगेको हो। पृष्ठ २ मा

# ध्रुवीकरणको नाममा माओवादीमा अब जतिपनि केन्द्रीय सदस्य

## केन्द्रीय समिति २ अंकको मात्र बनाउने भन्दै आएका अध्यक्ष दाहाल अहिले जतिपनि संख्यामा बनाउन तयार

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २८ जेठ।

नेकपा (माओवादी केन्द्र) ले पार्टीभित्र केन्द्रीय सदस्य 'असीमित' बनाएको छ।

पार्टीमा केन्द्रीय सदस्यको संख्या 'असीमित' बनाउन मिल्ने गरी विधानको प्रावधान सच्याइएको छ।

२०८० फागुनमा काठमाडौंमा भएको विधान सम्मेलनले पार्टी एकता वा समायोजन हुँदा सम्बन्धित समितिको कूल सदस्य संख्याको १० प्रतिशतसम्म मात्र समायोजन गर्न सकिने प्रावधान गरेको थियो। तर, त्यसलाई संशोधन गरेर माओवादीले जति पनि सदस्य बनाउन मिल्ने प्रावधान बनाएको छ।

१२ जेठमा बसेको पदाधिकारी बैठकले केन्द्रीय सदस्यको संख्या असीमिति बनाउने निर्णय गरेको हो। यो निर्णयलाई १९ जेठमा केन्द्रीय सदस्यहरूलाई सर्कुलर पठाएर जानकारीसमेत गराइसकिएको छ।

'पार्टी विधानको प्रावधानअनुसार पार्टी एकता वा समायोजन हुँदा सम्बन्धित समितिको कूल सदस्य संख्याको १० प्रतिशतसम्म समायोजन गर्न सकिने प्रावधान रहेकोमा पार्टी एकता, समायोजन र ध्रुवीकरणको आवश्यकता र महत्त्वलाई ध्यानमा राखी आगामी केन्द्रीय समितिको बैठक र महाधिवेशनप्रति जवाफदेही हुने गरी उक्त प्रावधानलाई तत्काल निष्क्रिय बनाउने', पार्टी महासचिव देव गुरूङले जारी गरेको सर्कुलरमा भनिएको छ। पदाधिकारी बैठकपछि जारी गरिएको परिपत्रमा हाललाई उक्त प्रावधानलाई तत्काल निष्क्रिय बनाउने पार्ने उल्लेख छ।

माओवादी केन्द्रमा अहिले ४०८ जना केन्द्रीय सदस्य छन्। यसअनुरूप जाने हो भने बढीमा ४० जना मात्रै थप्न सकिन्छ। तर, विधानको यो प्रावधान निष्क्रिय पारेर जति पनि केन्द्रीय सदस्य बनाउन मिल्ने बनाइएको छ।

माओवादी केन्द्रको विधान सम्मेलनले ९९ सदस्यीय केन्द्रीय पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

# मलेसियाका श्रममन्त्रीलाई श्रममन्त्री भण्डारीद्वारा आभार पनि गुनासो पनि



**मध्यान्ह संवाददाता**
जेनेभा, २८ जेठ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले मलेसियाका मानव संशाधन मन्त्री स्टीभन सिम ची किओङसमक्ष नेपाली कामदारले भोग्नु परेका एक दर्जन बढी समस्या उठाएका छन्।

मलेसिया रोजगार

मंगलबार जेनेभामा श्रममन्त्री भण्डारी र मलेसियाका मानव संशाधन मन्त्री किओङबीच द्विपक्षीय भेटवार्ता भएको थियो। सो भेटवार्ताका क्रममा श्रममन्त्री भण्डारीले नेपाली कामदारले भोग्नु परेका समस्या उठाएका हुन्।

मन्त्री भण्डारीले मलेसियामा न्यूनतम तलब पूर्णरूपमा कार्यान्वयन नहुनु, विशेषगरी सुरक्षा क्षेत्रमा १२ घण्टा दैनिक, महिनाभरि बिदा नदिइ काम लगाउने प्रचलन, करार अवधि समाप्त भएपछि फर्काउने व्यवस्था नगर्नु, करार अवधि सकिएपछि फर्किने टिकट उपलब्ध पृष्ठ २ मा

## कुवेत छोड्न एक्जिट पर्मिट अनिवार्य

**कुवेत/मस-** कुवेतले आप्रवासी कामदारलाई कम्पनी छोडेर स्वदेश फर्किँदा अनिवार्यरूपमा रोजगारदाताको अनुमति लिनुपर्ने व्यवस्था गरेको छ। आगामी जुलाई महिनादेखि लागू हुने यो नयाँ व्यवस्थाले कामदार र रोजगारदाता दुवैको अधिकारको रक्षा गर्ने कुवेतका सञ्चारमाध्यमहरूले उल्लेख गरेका छन्।

कुवेतका प्रथम उपप्रधानमन्त्री एवं आन्तरिक मन्त्री शेख फहद अल-युसेफद्वारा पृष्ठ २ मा

VACANCY
ANNOUNCEMENT
WE'RE HIRING
A Reputed, pioneer and market leader in the field of Manpower Recruiting Business.
We Are Looking for the Following Positions:
Documentation - 2 (Male/Female)
Receptionist - 1 (Female)
PRO - 2 (Male/Female)
- Minimum 1/2 Years experience in related field.
- Qualification SEE or +2 Passed.
- Well English speaking, work in related field 2/4 years.
SALARY Negotiable
Whatsapp: 9851123170/9841996571
TRIVENI OVERSEAS CONCERN PVT.LTD
P.O. Box: 23489 Ring Road, Basundhara Near of Chirayu Hospital, Kathmandu, Nepal
Hotline: 01-4987602, 014987603, Mobile: 9840861967, 9841996571, 985130133,
For Only WhatsApp 9840861967, Mail: trivenioverseas.nepal@gmail.com
Govt. Lic. No.: 341/059/060

मध्यान्ह
www.madhyanhadaily.com
२९ जेठ २०८२ बिहीबार
12 June 2025, Thursday

### सरकारका प्रवक्ता भन्छन्

# ‘गृहमन्त्रीको राजीनामा आउँदैन’

**काठमाडौं/मस-** सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले अवरुद्ध प्रतिनिधिसभाको बैठक छिट्टै सुचारु हुने बताएका छन् । मन्त्रिपरिषद् बैठकका निर्णय सुनाइसकेपछि सञ्चारकर्मीहरुको प्रश्नमा बुधबार सरकारका प्रवक्ता गुरुङले छिट्टै बैठक सुचारु हुने बताए ।

भिजिट भिसाको प्रकरणलाई लिएर प्रतिपक्षली दलहरले गृहमन्त्री रमेश लेखकको राजीनामा माग गर्दै संसद बैठक अवरुद्ध गर्दै आएका छन् । उनले अख्तियारले एउटा कर्मचारीमाथि छानबिन सुरु गरेको र कर्मचारीमाथि छानबिन सुरु गर्दा गृहमन्त्रीको राजीनामा नआउने स्पष्ट पारे ।



उनले एउटा कर्मचारीमाथि छानबिन हुने बित्तिकै मन्त्रीले राजीनामा दिँदै जाने हो भने सरकार चल्न नसक्ने जिकिर गरे । अहिले पनि संसदको अवरोध खुलाउने बारेमा सत्ता पक्ष र प्रतिपक्षबीच छलफल जारी रहेको उनले बताए ।

गृहमन्त्रीले राजीनामा नदिने बरु संसदीय छानबिन समिति कसरी बनाउने भन्नेमा छलफल जारी रहेको उनले बताए । सदनमा उठेका प्रश्नको जवाफ संसदमा गृहमन्त्रीले दिने र प्रतिपक्षले संसद खोलेर सहयोग गर्ने, बजेटसम्बन्धी छलफलको प्रक्रिया अघि बढाउने काम गर्नुपर्ने उनले बताए । मन्त्री गुरुङले सानोतिनो कुरा उठाएर अफठ्यारो पार्ने कुराले राजनीति अघि बढ्न नसक्ने बताए ।

**मन्त्रिपरिषद् बैठकका निर्णय सार्वजनिक**

पत्रकार सम्मेलनमा मन्त्री गुरुङले मन्त्रिपरिषद्को बैठकले यही जेठ २६ गते गरेको निर्णय सार्वजनिक गरेका छन् । सरकारले कैलालीको लम्कीचुहा अस्पताललाई १५ श्ययाबाट ५० शय्यामा स्तरोन्नति गरी प्रदेश सरकारले सञ्चालन गर्ने गरी हस्तान्तरण गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरेको सरकारका प्रवक्ता समेत रहेका मन्त्री गुरुङले बताए । सरकारले २०८२ जेठ ३१ गतेदेखि असार ६ गतेसम्म इजरायलमा आयोजना हुने ‘मुनि वर्ल्ड एक्स्पो-२०२५’ मा राष्ट्रिय योजना आयोगका सदस्य डा जयबहादुर टण्डनलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने निर्णय गरेको उनले जानकारी दिए ।

आगामी असार १० देखि १२ सम्म चीनको बेइजिङमा आयोजना हुने एसियाली पूर्वाधार लगानी बैंकको बोर्ड अफ गभर्नर्सको वार्षिक बैठकमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेललाई सहभागी हुन स्वीकृति प्रदान गर्ने निर्णय गरेको छ । आगामी असार २ गतेदेखि ६ गतेसम्म ल्हासामा आयोजना हुने नेपाल-चीनको सिजाङ (तिब्बत) व्यापार सहजीकरण समितिको १३औं बैठकको छलफलको एजेण्डा स्वीकृत गर्ने र उल्लिखित बैठकमा सहभागी हुन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिवको संयोजकत्वमा वार्ता टोली गठन गर्ने मन्त्रिपरिषद्ले निर्णय गरेको मन्त्री गुरुङले जानकारी दिए ।

# गर्मी अत्यधिक बढेपछि विद्यालयहरूमा धमाधम बिदा

**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ जेठ



अत्यधिक गर्मीका कारण विभिन्न स्थानीय तहले विद्यालयहरूमा धमाधम बिदा दिएका छन् । पछिल्लो समय बढ्दो गर्मीका कारण बालबालिकाको स्वास्थ्यमा पर्ने प्रतिकूल असरलाई मध्यनजर गर्दै स्थीय तहहरूले पछि बिदा समायोजन गर्ने गरी बिदा दिएको हो ।

जनकपुरधामउपमहानगरपालिकाले उपमहानगरभित्र रहेका सबै सामुदायिक तथा संस्थागत विद्यालयहरू २ दिन बन्द रहने जनाएको छ ।

मंगलबार उपमहानगरपालिकाका शिक्षा तथा खेलकुद विकास शाखाका शाखा प्रमुख धीरन्द्र लाल कर्णले एक सूचना जारी गर्दै जेठ २९ र ३० गते गरी २ दिन वर्षे बिदाबाट कट्टा हुने गरी उपमहानगरभित्रका विद्यालयहरूमा पठनपाठन बन्द हुने जानकारी दिएका छन् ।

यस्तै सिन्धुलीको कमलामाई नगरपालिकाका विद्यालयहरू पनि ३ दिनका लागि बन्द गर्ने निर्णय गरिएको छ ।

गर्मी बढ्दा विद्यालयमा पठनपाठनमै समस्या देखिन थालेपछि नगरपालिकाले बुधबारदेखि शुक्रबारसम्म नगरका सामुदायिक र संस्थागत विद्यालयहरू बन्द गर्ने निर्णय गरेको हो ।

नगरपालिकाका नगर प्रमुख उपेन्द्रकुमार पोखरेल सूचना जारी गर्दै नगरका मन्टेश्वरी, पूर्वप्राथमिकसमेत सामुदायिक र संस्थागत विद्यालयहरू आगामी शुक्रबारसम्मका बन्द गरिने बताए ।

हाल दिइएको गर्मी बिदा आगामी बर्खे बिदाबाट कट्टा हुनेगरी विद्यालय बन्द गर्न सबै विद्यालयहरूमा जानकारी गराइएको छ । कमलामाई नगरपालिकामा ८४ वटा सामुदायिक र २४ वटा संस्थागत विद्यालयहरू छन् ।

उता जिल्लामा अत्यधिक गर्मी हुँदा दूधौली, मरिण, हरिहरपुरगढी र सुनकोशीगढतिर क्षेत्रका विद्यालयहरूमा समेत पठनपाठनमा समस्या हुने गरेको छ । जिल्लामा ३७ देखि ३८ डिग्रीसम्म तापक्रम हुने गरेको छ । गर्मीका कारण मरिण गाउँपालिकाका कतिपय विद्यालयका बालबालिकाहरू बेहोस भएर ढल्ने समेत गरेको अभिभावकले जनाएका छन् ।

यसैगरी, नवलपरासीको मध्यबिन्दु नगरपालिकाले पनि अनिश्चितकालसम्म विद्यालय बन्द गर्ने निर्णय गरेको छ ।

मेयर भीमलाल अधिकारीका अनुसार नगरपालिका भित्रका विद्यालयहरू बिहीबारदेखि वर्षात नहुन्जेलसम्मका लागि बिदा दिइएको छ । ‘बिदा अनिश्चितकालसम्म रहने छ,’ उनले भने, ‘पानी परेर शीतल हुनासाथ विद्यालय सञ्चालन हुने छन् ।’

‘ढलान कक्षाकोठा र पंखाको समेत पर्याप्त सुविधा हुने विद्यालयले पढाउन पनि सक्ने छन्,’ उनले भने । न्यूनतम सुविधा दिन नसकेका विद्यालयले वर्षात नहुन्जेल बिदा दिन निर्णय गरिएको उनले जानकारी दिए । बुधबार एक सूचना जारी गरेर गर्मी रहुन्जेलसम्मका लागि बिहीबारदेखि विद्यालय बिदा दिइएको उनले जानकारी दिए ।

बुधबार दिउँसो पौने १ बजे पूर्वी नवलपरासीको तापक्रम ३८ डिग्री सेल्सियस पुगेको छ ।

यस्तै, गर्मी अत्यधिक बढेपछि चितवनको भरतपुर, सुनसरी सदरमुकाम इनरुवा र इटहरी क्षेत्रका विद्यालय पनि बन्द गरिएका हुन् ।

बुधबारदेखि जेठ ३० गतेसम्मका लागि विद्यालयमा बिदा दिइएको इनरुवा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत डिल्ली निरौलाले जानकारी दिए ।

इनरुवासहित पूर्वी नेपालमा पछिल्ला केही दिनयता अत्यधिक गर्मी बढेको छ । त्यसैगरी इटहरी उपमहानगरपालिकाले समेत गर्मीका कारण १ दिनका लागि सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयमा बिदा गर्ने निर्णय गरेको छ ।

उपमहानगरपालिकाका कार्यवाहक मेयर सङ्गीता चौधरीले इटहरी क्षेत्रभित्रका सबै विद्यालयमा बुधबार गर्मी बिदा दिइएको बताइन् ।

अत्यधिक बढ्दो तापक्रमका कारण विद्यालय सञ्चालनमा कठिनाइ भइरहेको र विद्यार्थीको स्वास्थ्यमा प्रतिकूल असर पर्न थालेकाले बिदा दिएको उनले बताइन् ।

त्यसैगरी गर्मी बढेपछि चितवनको भरतपुरका विद्यालय पनि तीन दिनका लागि बन्द गरिएका छन् ।

# वैदेशिक रोजगारीका नाममा ठग्ने ४ पक्राउ

काठमाडौं/मस- वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी विभिन्न देश पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा ४ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा ललितपुर महानगरपालिका-१४ बस्ने स्याङ्जा अर्जुनचौपारी गाउँपालिका-४ घर भएका ६० वर्षीय लक्ष्मण चापागाईं, काठमाडौं महानगरपालिका-९ तिलगंगा बस्ने सप्तरी तिलाठी कोइलाडी गाउँपालिका-४ घर भएका ३९ वर्षीय अशोक मण्डल, काठमाडौं महानगरपालिका-३२ कोटेश्वर बस्ने सिन्धुपाल्चोक मेलम्ची नगरपालिका-७ घर भएका २० वर्षीय बाल सुन्दर भारती र काठमाडौं महानगरपालिका-९ गौशाला बस्ने सिन्धुपाल्चोक लिसंखु पाखर गाउँपालिका-३ घर भएका २७ वर्षीया चण्डिका उप्रेती रहेका छन् ।

पक्राउ परेकामध्ये लक्ष्मणले युके पठाइदिन्छु भन्दै १ जना पीडितबाट ५ लाख १४ हजार रुपैयाँ, अशोकले मलेसिया पठाइदिन्छु भन्दै ६ जना पीडितबाट ६ लाख रुपैयाँ, बाल सुन्दरले पोर्चुगल पठाइदिन्छु भन्दै १ जना पीडितबाट ३ लाख रुपैयाँ र चण्डिकाले न्युजिल्याण्ड पठाइदिन्छु भन्दै १ जना पीडितबाट ५० हजार रुपैयाँ लिइ सम्पर्कबिहीन भएको प्रहरीले जनाएको छ ।

प्रहरीले लक्ष्मणलाई काठमाडौंको टेकुबाट र अशोकलाई काठमाडौंको गौशालाबाट मंगलबार तथा बाल सुन्दरलाई काठमाडौंको न्युरोडबाट र चण्डिकालाई काठमाडौंको गौशालाबाट सोमबार पक्राउ गरेको हो ।

उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ ।

**वर्षदिन...**

सोहीअनुसार तयारी थालिएको तर भ्रमणको तयारी अझै प्रारम्भिक चरणमै रहेको परराष्ट्र मन्त्रालयका अधिकारीहरूले बताएका छन् ।

यसका साथै नेपाल र भारतका परराष्ट्र मन्त्रालयले पनि प्रधानमन्त्रीको भारत भ्रमणको तयारी सुरु गरेको छ । प्रधानमन्त्री कार्यालय, परराष्ट्र मन्त्रालय र नयाँ दिल्लीस्थित नेपाली दूतावासका अधिकारीहरूले भ्रमणका विषयमा भारतीय अधिकारीहरूसँग छलफल थालेका छन् ।

यदि भारतमा पहलगाममा आतंकवादी आक्रमण नभएको भए प्रधानमन्त्रीको भारत भ्रमण जुनमै भइसक्ने थियो । भारत-पाकिस्तानबीचको तनावका कारण प्रधानमन्त्रीको भ्रमण पछि धकेलिएको हो । नयाँ दिल्लीबाट सकारात्मक संकेतहरू आएपछि भारतका लागि नेपाली राजदूत शंकर शर्मा दिल्लीमा र नेपालस्थित भारतीय राजदूत नवीन श्रीवास्तव काठमाडौंमा आवश्यक समन्वय गरिरहेका छन् ।

प्रधानमन्त्री ओलीका प्रमुख राजनीतिक सल्लाहकार विष्णु रिमालले प्रधानमन्त्रीको स्पेन भ्रमणबारे आफू जानकार भएको तर भारत भ्रमणको बारेमा खासै जानकारी नभएको बताए । ‘प्रधानमन्त्री ओली र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबीच पटकपटक भेटिसक्नुभएको छ, त्यसैले भ्रमणको सम्भावना सधैं खुला हुन्छ’, उनले भने ।

गत वर्ष जेठमा प्रधानमन्त्रीमा नियुक्त भएका ओली भारत भ्रमणको लागि प्रयासरत छन् । तर हालसम्म उनको भारत भ्रमण हुन सकेको छैन । भारतले ओलीको भ्रमणमा अनिच्छा देखाउँदा उनको भारत भ्रमण हुन सकिरहेको थिएन ।

तर प्रधानमन्त्री ओलीले भारतीय समकक्षी मोदीसँग संयुक्त राष्ट्रसंघ महासभा (न्यूयोर्क) र छैठौं बिमस्टेक सम्मेलन (बैंकक) मा २ पटक भेट गरिसकेका छन् ।

एमालेका एक नेताका अनुसार प्रधानमन्त्री ओलीले स्पेन भ्रमणपछि भारतको भ्रमण गर्ने गरी प्रारम्भिक तयारी सुरु भएको छ ।

भारतले नेपालका दुई ठूला दल कांग्रेस र एमालेबीचको गठबन्धन सरकारलाई नरुचाएको कारण ओलीको भ्रमण हुन नसकिरहेको विश्लेषण नेपालमा हुने गरेको छ । तर यी २ पार्टीको सरकार तलमाथि तत्काल नहुने देखेपछि भारतले पनि ओलीलाई अब भारत भ्रमण गराउन खोजेको देखिएको छ ।

यसअघि भारतले चासो नदिएपछि प्रधानमन्त्री ओलीले गत नोभेम्बरमा चीनबाट आफ्नो वैदेशिक यात्रा सुरु गरेका थिए ।

चीन भ्रमणमा गएका थिए । दिल्लीले निमन्त्रणा दिएको भए प्रधानमन्त्री चीनभन्दा पहिले भारत भ्रमणमा जान्थे । तर उताबाट निमन्त्रणा नआएको कारण उनी चीन भ्रमणका गएका थिए ।

प्रधानमन्त्री ओलीले चीन भ्रमणबाट फर्केलगत्तै आफू चाँडै भारत भ्रमणमा जाने पनि बताएका थिए । चीन जानुअघि पनि उनले आफू फर्केलगत्तै भारत भ्रमणमा जान अभिव्यक्ति दिएका थिए ।

यसअघि प्रधानमन्त्री ओलीको गत अप्रिलमै भारत भ्रमण गर्ने सम्भावना थियो । त्यसका लागि दुबै देशले २५-२७ अप्रिलसम्म भ्रमण हुने जनाएका थिए ।

बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको प्रयास (बिम्स्टेक) को छैटौं शिखर सम्मेलनमा भाग लिन थाइल्यान्डको बैंकक गएका बेला ओली र भारतीय समकक्षी मोदीबिच गत वर्ष २२ चैतमा बैंककमा भएको भेटवार्तामा नेपालद्वारा प्रस्तावित मितिलाई भारतको आन्तरिक पात्रोका आधारमा आपसी सहमतिमै टुंगो गरी छलफल भएको थियो । भेटमा दुबै प्रधानमन्त्रीहरूले एकअर्कालाई भ्रमणको निम्तो पनि दिएका थिए ।

यसका साथै परराष्ट्रमन्त्री डा. आरजु राणा देउवा प्रधानमन्त्रीको भारत भ्रमणको तारतम्य मिलाउन २ पटक नयाँदिल्ली भ्रमण गरिसकेकी छन् ।

**स्पेन...**

र काठमाडौं र म्याड्रिडबीच केही सम्झौताहरूमा हस्ताक्षर हुनेछन् ।

विकासका लागि वित्तीय सम्मेलनहरू एकमात्र यस्तो अन्तर ाष्ट्रिय मञ्च हो, जहाँ सरकार प्रमुख, अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संस्था, वित्तीय र व्यापारिक संस्था, निजी क्षेत्र, नागरिक समाज र संयुक्त राष्ट्र प्रणाली एकै ठाउँमा भेला भएर दिगो विकासका लागि सहकार्यबारे छलफल गर्छन् । प्रधानमन्त्री ओली युरोपेली मुलुक स्पेन र भारतको भ्रमणसँगै मध्य-एसियाली मुलुक तुर्कमेनिस्तान पनि जानेछन् । २०-२३ साउन (५-८ अगस्ट) मा तुर्कमेनिस्तानमा भूपरिवेष्ठित विकासशील राष्ट्रको तेस्रो सम्मेलन हुँदै छ । यो निकाय पनि संयुक्त राष्ट्रसंघ अन्तर्गतकै हो ।

तुर्कमेनिस्तान पनि भूपरिवेष्ठित र विकासशील मुलुक भएकाले संयुक्त राष्ट्र संघको छातामुनि हुने यस्ता सम्मेलनलाई नेपालले प्राथमिकता दिँदै आएको छ । यही कारणले पनि यो सम्मेलनमा प्रधानमन्त्री ओली सहभागी हुने परराष्टका अधिकारीहरू बताउँछन् ।

‘प्रधानमन्त्री तुर्कमेनिस्तान जाने-नजाने टुङ्गो मन्त्रिपरिषद् बैठकले निर्णय गरेपछि लाग्ला,’ परराष्ट्र मन्त्रालयका एक अधिकारीले भने, ‘तर अहिलेसम्म प्रधानमन्त्रीस्तरकै प्रतिनिधित्व हुन्छ भन्ने आधारमा तयारी थालिएको छ ।’

**फैसला...**

इजलासमा प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतका साथै न्यायाधीशहरू सपना प्रधान मल्ल, कुमार चुडाल, मनोजकुमार शर्मा र नहकुल सुवेदी छन् ।

४ वर्षअघि केपी शर्मा ओली नै प्रधानमन्त्री छँदा २ पटक गरी ५२ जनालाई विभिन्न संवैधानिक आयोगमा नियुक्त गरिएको थियो । ती नियुक्ति गैरकानुनी रहेको दाबी गरी अधिवक्ता ओमप्रकाश अर्यालले १ पुस २०७७ मा पहिलो रिट निवेदन दायर गरेका थिए । अरू १४ वटा निवेदन यही विषयमा परेका थिए । ती सबै निवेदन एकसाथ राखी सुनुवाइ भएको थियो ।

**ध्रुवीकरणको...**

सदस्य बनाउने प्रस्ताव पारित गरेको थियो । तर, पार्टीको महाधिवेशनसम्मका लागि अहिलेकै कमिटी यथावत् राख्ने र महाधिवेशनमा निर्वाचनबाट केन्द्रीय सदस्य छान्ने निर्णय पार्टीले गरेको थियो । अध्यक्ष पुष्पकमल दाहालले पनि पहिल्यैदेखि २ अंकको केन्द्रीय सदस्य बनाउने बताउँदै आएका हुन् । तर, अहिले आएर फेरि असीमित संख्यामा केन्द्रीय बनाउन सकिने बनाएका छन् । यसअघि माओवादीले ४ हजारसम्मको संख्याको केन्द्रीय समिति बनाएको थियो । जसको आलोचनासमेत भएको थियो । फेरि माओवादी केन्द्रले अरु पार्टीहरूसँग एकता र ध्रुवीकरण हुने भन्दै असीमित केन्द्रीय सदस्य बनाउन सकिने प्रावधान बनाएको हो ।

यस्तो निर्णयपछि अब केन्द्रीय सदस्य जति पनि बनाउने बाटो खुलेको माओवादी केन्द्रका एक नेताले बताए ।

माओवादीले पटक-पटक थपेका केन्द्रीय सदस्यको विवरण उसले वेवसाइटमा अद्यावधिक गरेको पनि छैन । त्यसैले अहिले माओवादीका केन्द्रीय सदस्य कति छन् स्वयं माओवादीलाई पनि थाहा छैन ।

माओवादी केन्द्रको निर्णयअनुसार आगामी असारमा पार्टीको केन्द्रीय कमिटी बैठक र मंसिरमा महाधिवेशन हुने कार्यतालिका छ ।

**२३ हजार...**

गणित र अंग्रेजी विषयमा करारमा शिक्षक नियुक्त गर्न विद्यालयले विज्ञापन खोल्दा समेत आवेदन कम पर्ने समस्या छ ।

कार्यदलको अध्ययनअनुसार विद्यार्थी धेरै भएका विद्यालयमा अनुपातअनुसार आवश्यक शिक्षक छैनन् । कतिपय विद्यार्थी कम भएका ठाउँमा अनुपात भन्दा धेरै शिक्षक छन् । अर्थात, विद्यार्थी र शिक्षकको अनुपात र सन्तुलन दुवै मिलेको छैन ।

शिक्षा मन्त्रालयकाअनुसार देशभर २७ हजार सामुदायिक विद्यालय छन् । जसमा १ लाख ९ हजार ५ सय शिक्षक दरबन्दी छ ।

कार्यदलको अध्ययनअनुसार प्राथमिक तह (प्रावि)मा भने विद्यार्थी अनुपातमा शिक्षकको बढी छ । यस्तो अवस्थामा समग्रतामै विद्यार्थी र शिक्षकको अनुपात मिलाउन कार्यदलले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई सुझाएको छ ।

विद्यार्थी र शिक्षकको अनुपातको विषयमा यसअघि पनि अध्ययन भएका छन् । २०७६ सालमा अध्ययन भएको थियो । तर, त्यसबेलाको अध्ययनको निष्कर्ष अनुसार वर्तमानमा काम गर्न नसकिने भनेर शिक्षा मन्त्रालयले २०८१ मंसिर तेस्रो साता अर्को कार्यदल गठन गरेको हो ।

मन्त्रालयका अनसार २०७६ सालको परिस्थिति र ५ वर्षपछिको वर्तमान परिस्थितिमा फेरबदल आएको हुनाले फेरि अध्ययन गर्न कार्यदल गठन गरिएको हो । विद्यार्थी अनुपातमा शिक्षक दरबन्दी पनि असमान भएको गुनासो आएकाले पनि कार्यदल गठन गरेर अगाडि बढेको शिक्षा मन्त्रालयले जनाएको छ । शिक्षा मन्त्रालयकाअनुसार यसपटकको कार्यदलले शिक्षकको सन्दर्भमा स्थानीय तहबाट भइरहेका कतिपय कामहरू समेत हेरेको छ । तर, यो विषयमा मन्त्रालयले के कस्ता विषय अध्ययनबाट आएको छ भन्ने खुलाएको छैन ।

सरोकारवालाहरू शिक्षक कम हुने समस्या गम्भीर समस्या हो । शिक्षक नहुँदा पठन/पाठन ठप्प हुन्छ । शैक्षिक गुणस्तर खस्किन्छ । शिक्षक कम हुँदा भएकै शिक्षकले धेरै विद्यार्थी पढाउनुपर्ने हुन्छ । यस्तो अवस्थाले शैक्षिक गुणस्तर स्वतः खस्काउँछ ।

**मलेसियाका...**

नगराउनु, वर्क पर्मिट नवीकरण ढिला हुनु, समयमै नवीकरण नगर्दा कामदार अवैध बन्ने खतरा उत्पन्न हुनु, तलब नगदमा दिनु, बैंक खाता खोल्न सहयोग नगर्नु, पारदर्शिता र सुरक्षाको अभावका साथै ओभरटाइमको सही हिसाब नगर्नु, तलब ढिला वा रोकिनु, कामदारहरूलाई अत्यधिक कामको चाप र विश्रामको अभाव हुनुलगायतका समस्या उठाए ।

मन्त्री भण्डारीले नेपाली कामदारका समस्या संवेदनशील भएर समाधान गर्न आग्रह गर्दै नेपाली कामदारका सेवा सुविधा सुनिश्चितताका लागि यथाशीघ्र श्रम सम्झौता नवीकरणका लागि पनि आग्रह गरेको मन्त्री भण्डारीको निजी सचिवालयले जानकारी दिएको छ ।

भेटवार्तामा श्रममन्त्री भण्डारीले नेपाली श्रमिकलाई रोजगारको अवसर दिएकोमा मलेसिया सरकारप्रति आभार प्रकट गर्दै उक्त मुलुकमा कार्यरत ठूलो संख्याका नेपाली कामदारहरूले दुबै देशको आर्थिक समृद्धिमा योगदान पुऱ्याएको बताए ।

मलेसियामा हाल ३ लाख ७० हजार बढी नेपाली श्रमिकहरू कार्यरत रहेका छन् । छलफलको क्रममा मन्त्री भण्डारीले द्विपक्षीय सम्झौताको विषय उठाउँदै सन् २०१९ अक्टोबर २९ मा हस्ताक्षर गरिएको सम्झौता २०२३ अक्टोबरमा समाप्त भइसकेको स्मरण गराउँदै मलेसिया सरकारले शीघ्र अन्तिम रूप दिनेमा नेपाली पक्ष आशावादी रहेको बताए ।

उनले भने, ‘दुबै देशका सम्बन्धित मन्त्रालयहरूले नयाँ सम्झौताको प्रारम्भिक मस्यौदा आदानप्रदान गरिसकेको छ, मलेसियाली मानव संशाधन मन्त्रालयद्वारा नयाँ मस्यौदाको अध्ययन भइरहेको छ, आशा गरौं मलेसिया सरकारको तर्फबाट छिट्टै टुँगो लाग्नेछ ।’

मलेसियाको सामाजिक सुरक्षा संगठनले लागू गरेको नयाँ २४ घण्टे सुरक्षा योजनाको सराहना गर्दै मन्त्री भण्डारीले यसबाट श्रमिकहरूको काम बाहेकको समयमा पनि मृत्यु, दुर्घटना र अन्त्येष्टि खर्चको व्यवस्था हुने कार्यको उच्च सराहना गरेको मन्त्री भण्डारीको सचिवालयले जनाएको छ ।

छलफलका क्रममा श्रममन्त्री भण्डारीले विदेशी श्रमिकहरूका लागि १७ सय मलेसियन रिंगेट न्यूनतम तलबलाई कार्यान्वयन गरेकोमा मलेसिया सरकारप्रति कृतज्ञता व्यक्त गरे । अवैध कामदार राख्ने र बिरामीमा सहयोग नगर्नु, न्यूनतम आवास सुविधा नदिनु, भिसा, टिकट, जबरजस्ती बचत भन्दै तलब कटौती गर्नु, पासपोर्ट र कागजात रोक्ने काम गर्नु, पासपोर्ट नदिँदा प्रहरी र आप्रवासनले समात्ने जोखिमको खतरा, सामाजिक सुरक्षा संगठन अनुसार योगदान नदिनु, दाबी नगर्नु, अनफिट कामदार फर्काउने खर्च नव्यहोर्ने, रोजगारदाताद्वारा करार अवधिभन्दा पहिला निकाला गरेमा क्षतिपूर्ति नदिनुलगायतका समस्याहरू नेपाली श्रमिकले भोग्दै आएकाले यस्ता समस्या गम्भीरतापूर्वक समाधानका लागि मन्त्री भण्डारीले बुँदागत रूपमा विषयवस्तु अगाडि सारेका थिए ।

**कुवेत...**

जारी गरिएको मन्त्रीस्तरीय परिपत्रमार्फत यो निर्णय औपचारिकरूपमा लागू गरिएको हो । यो व्यवस्थाले सबै प्रवासी कामदारहरूलाई देश छोड्नु अघि एक्जिट पर्मिट प्राप्त गर्न अनिवार्य गरेको छ ।

एक्जिट पर्मिट लिन कामदारको व्यक्तिगत विवरण, यात्रा विवरण समावेश गरेर एप्समार्फत आवेदन दिनुपर्नेछ । अधिकारीहरूले नयाँ व्यवस्थाले उचित सूचनाबिना काम छोड्ने घटनाहरू कम गर्ने दाबी गरेका छन् । नयाँ व्यवस्था कुवेतको निजी क्षेत्रअन्तर्गत दर्ता भएका अस्थायी वा स्थायीरूपमा काम छोड्न चाहने सबै आप्रवासी कामदारहरूलाई लागू हुने बताइएको छ ।

# प्रतापपुर-सरावल जोड्ने पुलको शिलान्यास

**विनोद निगम/मध्यान्ह**
पश्चिम नवलपरासी, २८ जेठ

पश्चिम नवलपरासीको प्रतापपुर गाउँपालिका-४ पचफेडा र सरावल गाउँपालिका-७ बरगदवा जोड्ने पुलको बुधबार एक समारोहका बीच शिलान्यास गरिएको छ ।

पुलको शिलान्यास प्रतापपुर गाउँपालिकाका अध्यक्ष उमेशचन्द्र यादवले गरेका हुन् । गाउँपालिकाले विकासका प्राथमिकतालाई ध्यानमा राख्दै यो आयोजनालाई अघि बढाएको हो ।

कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष यादवले जनतासँग गरेका प्रतिबद्धता स्मरण गर्दै भने, ‘मैले जनतासँग गरेका वाचा बिर्सेको छैन । विकासका कामहरू



एकपछि अर्को गर्दै पूरा गर्दै जाने प्रतिबद्धतामा म दृढ छु ।’

पचफेडा र बरगदवा जोड्ने पुल निर्माणले दुई गाउँपालिकाबीचको आवागमन सहज बनाउने अपेक्षा गरिएको छ । विशेषगरी बर्खायाममा खोलाबाट आवतजावतमा पर्ने कठिनाइ अब केही समयपछि अन्त्य हुने स्थानीयको भनाइ छ ।

शिलान्यास कार्यक्रममा वडा अध्यक्षहरू, राजनीतिक दलका प्रतिनिधिहरू, सामाजिक अगुवा र स्थानीयवासीको उल्लेखनीय उपस्थिति रहेको थियो । सहभागीहरूले अध्यक्ष यादवको नेतृत्वमा भइरहेका विकास निर्माणप्रति खुलेर प्रशंसा गरेका थिए ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/०६/११ मा दर्ता भएको **प्रा. लि. नं. २७३४८३** को **शिलशिला एग्रो फार्म प्रा. लि.** को मिति २०८२/०२/०६ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया,**
**इजाजतपत्र नं. २८७, फोन नं. ९८५११६३७२३**

**स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय**
**कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रकाशित मिति २०८२/०२/२८)**

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट विभिन्न मितिमा प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सूचना बमोजिम निर्धारित समय भित्र PPMO को E-Procurement Portal मा दर्ता हुन आएका बोलपत्रहरु मध्ये न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही तपशिल बमोजिमको बोलपत्रदाताले पेश गरेको बोलपत्र छनौटको लागि बोलपत्र मूल्यांकन समितिबाट सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि सूचना प्रकाशित गरिएको छ ।

| S. N. | ContractID, Description of Works | Bidder's Name and Address | Bid Price (Including PS and VAT), NRs. |
|---|---|---|---|
| 1 | LIDPO/SKT/TB/CTP/NCB/1/2081/82, Fabrication, Supply, Transportation, Construction and Erection of 1. Raya Khola Trail Bridge, Nalgaad Na.Pa.-11, Baaniyagaun Ra Daarveer, Jajarkot. 2. Sill Khola Trail Bridge, Mudkechula Ga.Pa.-8 Ra 9, Dolpa | M/s N.K-Jagadamba JV, kathmandu | 6,66,70,001.00 |

**Office Chief**

# काठमाडौं महानगरका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत परियारविरुद्ध भ्रष्टाचार मुद्दा

**काठमाडौं/मस-** काठमाडौं महानगरपालिकामा भएको ढल निर्माण तथा भवन निर्माणका ठेक्कासम्बन्धी अनियमिततामा संलग्न भएको अभियोगमा महानगरका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत प्रदीप परियारसहित ७ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरिएको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ४ करोड ३१ लाख रुपैयाँभन्दा बढी सार्वजनिक सम्पत्तिमा हानि पुऱ्याएको ठहर गर्दै उनीहरूमाथि विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरेको हो। परियार हाल सूचना तथा प्रसारण विभागका महानिर्देशक हुन्।

मुद्दा दायर हुनेहरूमा परियारसहित बोलपत्र मूल्यांकन समितिका पदाधिकारीहरू रवीनमान श्रेष्ठ, शिवराज अधिकारी, बसन्त आचार्य, नमराज ढकाल, जनार्दन गिरी र उत्तम दाहाल रहेका छन्।

सामाखुसी करिडोर अन्तर्गत बसुन्धरा-म्हेपी खण्डमा ढल निर्माणका लागि आह्वान गरिएको ठेक्कामा देखिएको अनियमिततामाथि अनुसन्धान गर्दा ती अधिकारीहरूले नियतवश कानुनको उल्लंघन गर्दै सस्तो प्रस्ताव अस्वीकृत गरी महँगो प्रस्ताव स्वीकार गरेको प्रमाणित भएको अख्तियारको भनाइ छ। यही प्रक्रियाबाट राज्यलाई ठूलो आर्थिक हानि भएको र संलग्न व्यक्तिहरूले आफ्नो अधिकारको दुरुपयोग गर्दै भ्रष्टाचार गरेको आयोगले उल्लेख गरेको छ।



२०७७/७८ मा सामाखुसी करिडोरअन्तर्गत ढल निर्माणको ठेक्काका लागि बोलपत्र आह्वान गरिएको थियो। उक्त ठेक्का प्रक्रियामा समानान्तर निर्माण सेवा प्रालिले १८ करोड ९ लाख २२ हजार ३ सय २५ रुपैयाँ ६३ पैसा कबोल गरेको थियो भने कल्पवृक्ष कोहिनूर जेभीले २२ करोड ४० लाख ९४ हजार ६ सय १२ रुपैयाँ ९५ पैसा कबोल गरेको थियो।

तर, कम कबोल गरेको समानान्तर निर्माण सेवा प्रालिलाई उक्त ठेक्का नदिइ कल्पवृक्षलाई दिएको भन्दै उजुरी परेको थियो।

# रौतहटमा अत्यधिक गर्मी, जनजीवन प्रभावित

**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, २८ जेठ



मधेश प्रदेशका विभिन्न जिल्लामा केही दिनयता अत्यधिक गर्मी बढेसँगै जनजीवन प्रभावित बनेको छ। रौतहटमा तापक्रम ४० डिग्री सेल्सियससम्म पुगेसँगै पठनपाठनदेखि सर्वसाधारणको दैनिकी प्रभावित हुन थालेको हो।

गर्मी बढेपछि रौतहटका केही स्थानीय तहहरूले विद्यालय बन्द गर्ने निर्णय गरेका छन्। फतुवा विजयपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत भरतप्रसाद यादवका अनुसार, अत्यधिक गर्मीका कारण जेठ २८ गतेदेखि ३० गतेसम्म नगरपालिका क्षेत्रका सामुदायिक तथा संस्थागत विद्यालयमा गर्मी बिदा दिइएको छ।

त्यस्तै, गौर नगरपालिकाले बिहान ६ देखि ९ बजेसम्म मात्र विद्यालय सञ्चालन गर्न निर्देशन दिएको छ भने इशनाथ नगरपालिकाले दुई दिन विद्यालय बन्द गर्ने निर्णय गरेको छ। तापक्रमसँगै तातो हावा चल्न थालेपछि बिहान र साँझको समयसमेत बजारमा सर्वसाधारणको चहलपहल निकै घटेको छ। दिउँसोका समय बजार लगभग सुनसान हुने गरेको स्थानीयवासीको भनाइ छ। अत्यधिक गर्मीका कारण वृद्धवृद्धा, बालबालिका तथा बिरामीहरू बढी प्रभावित भएका छन्।


**साउदीमा रोजगार**

कम्पनी: TECHNICAL SUPPORT INDUSTRIAL SERVICE COMPANY — शहर: JUBAIL
पूर्व स्वीकृत मितिः २०८१/११/२३ — चलानी नं.: ६०२३४१३४ — LT. No.: 320026 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Drivers | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६५,५९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electrical Installation Helper | 1 | 0 | | 1500 | ५४,६६० | | | | | | | |

कम्पनी: BUILDING FACTORY COMPANY FOR ADVANCED CONCRETE PRODUCTS — शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०८१/०८/१२ — चलानी नं.: ६०२२८७२६ — LT. No.: 314408 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labouers | 1 | 0 | स. काममा दक्ष | 1000 | ३६,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार ५ गते (19 June 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नु होला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**D.G. OVERSEAS PVT. LTD.**
DG OVERSEAS
रातोपुल, काठमाडौं, नेपाल, फोन: ०१-४५३४०६२/४५३४०६३ Email- dgoverseaspvtltd@gmail.com
श्रम इजाजत नं. १७१९/०८१/०८२


# विद्यालयमा किशोरकिशोरीमैत्री सूचना केन्द्र प्रभावकारी

**ललित बोहरा/मध्यान्ह**
बैतडी, २८ जेठ

बाल विवाह, महिनावारी सरसफाइ, यौन तथा प्रजनन स्वास्थ्य जस्ता संवेदनशील विषयमा जानकारी दिने उद्देश्यले सुदूरपश्चिम प्रदेशका अधिकांश जिल्लामा किशोरकिशोरीमैत्री सूचना केन्द्र स्थापना भइरहेको छ। ती केन्द्रहरू विशेषगरी विद्यालयमा स्थापना गरिएको छ, जहाँ किशोरकिशोरीले यौनिकता र स्वास्थ्यसम्बन्धी विषयमा खुलारूपमा छलफल गर्न सक्ने वातावरण सिर्जना गरिएको छ।

बैतडी जिल्लाका १७ विद्यालयमा सञ्चालनमा रहेका यस्ता सूचना केन्द्र प्रभावकारी सावित भएका छन्। ज्ञानेश्वर मावि, पाटन नगरपालिका-९ का शिक्षक धनबहादुर महराका अनुसार यस्ता केन्द्रहरू किशोरकिशोरीमा यौन तथा प्रजनन स्वास्थ्यबारे सचेतना फैलाउने माध्यम बनेका छन्।



संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष, नेपाल परिवार नियोजन संघ, स्थानीय तह र विद्यालयको सहकार्यमा सञ्चालित केन्द्रले विद्यालयदेखि समुदायसम्म सकारात्मक प्रभाव पारेको जिल्ला कार्यक्रम संयोजक खगेन्द्र भट्टले जानकारी दिए।

कृष्ण मावि, पाटनका प्रधानाध्यापक वीरेन्द्र केसीका अनुसार, दशरथचन्द, पाटन र मेलौली नगरपालिकाका विद्यालयमा सूचना केन्द्र सञ्चालनमा आएपछि बालबालिकामा उल्लेख्य परिवर्तन आएको छ।

छात्रा भागरथी बडुले विद्यालयबाट प्राप्त ज्ञान समाजमा समेत फैलाइरहेको बताइन्। 'रुढीवादी सोच भएका समाजमा समेत परिवर्तन देखिन थालेको छ,' उनले भनिन्।

दुर्गा मावि, मेलौली नगरपालिका-५ खलिगाडका छात्र भुवन जोशीले पनि सूचना केन्द्रमार्फत महिनावारी सरसफाइ, यौन तथा प्रजनन स्वास्थ्य, बाल विवाह लगायत विषयमा साप्ताहिक छलफल हुने जानकारी दिए। 'सानो उमेरमा विवाह पुण्य मानिन्छ भन्ने सोच हामीले तोड्न थालिसकेका छौं,' उनले भने।

दशरथचन्द नगरपालिकाका सात विद्यालयसहित बैतडीका १७ विद्यालयमा सूचना केन्द्र सञ्चालनमा छन्। यस्ता केन्द्रहरूलाई थप विद्यालयसम्म विस्तार गर्ने प्रतिबद्धता जनप्रतिनिधिहरूले जनाएका छन्।

दशरथचन्द नगरपालिकाका नगर प्रमुख पुष्कर जोशीका अनुसार, किशोरकिशोरीमैत्री सूचना केन्द्रले यौनिकता जस्ता संवेदनशील विषयमा खुला संवादको अभ्यास विकास गरेको छ। 'विकास भनेको केवल सडक बनाउनु होइन,' उनले भने, 'हानिकारक प्रचलन हटाउने अभियान पनि विकासकै हिस्सा हो।'

नेपाल परिवार नियोजन संघका अनुसार, संयुक्त राष्ट्रसंघीय जनसंख्या कोषको सहयोगमा स्थापना गरिएका ती केन्द्रहरू अहिले स्थानीय सरकारलाई हस्तान्तरण गरिसकिएको छ।

## थाक्रे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**महादेवबेसी, धादिङ**
**बागमती प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मितिः २०८२/०२/२९)

**यस कार्यालयको मिति २०८२/०१/२६ गते प्रकाशित सूचना अनुसार पेश भएको प्रस्तावपत्र/दरभाउको** Technical Evaluation **र** Financial Evaluation **बाट मुल्याङ्कन गर्दा तपसिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र स्वीकृतका लागि छनौट गरिएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सबैको जानकारीको लागि ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ।**

**तपसिलः**

| सि.नं. | ठेक्का नम्बर | ठेक्काको नाम | कबोल अङ्क (मु. अ. कर सहित) | स्वीकृत बोलपत्रदाता |
|---|---|---|---|---|
| १ | 09/NCB/WORKS/THAKRE/2081/082 | सरस्वती पार्क व्यवस्थापन वार्ड नं. ९ | रु ३९,५५,६६१।३१ (अक्षरेपी उनन्चालीस लाख पचपन्न हजार छ सय एकसठ्ठी रूपैयाँ एकतीस पैसा मात्र) | राई एण्ड सप्लायर्स कस्ट्रक्सन प्रा. लि., धादिङ |
| २ | 10/NCB/WORKS/THAKRE/2081/082 | वडा कार्यालय भवन निर्माण-५ | रु ३५,७६,३५८।५४ (अक्षरेपी पैंतीस लाख छहत्तर हजार तीन सय अठाउन्न रूपैयाँ चौवन्न पैसामात्र) | एकलब्य कस्ट्रक्सन, काठमाडौं |

**प्रमुख प्रशासकीय अधिकृत**

# पर्सामा सप्ताहव्यापी ट्राफिक जनचेतना कार्यक्रम सम्पन्न




**महमद सदाब/मध्यान्ह**
वीरगञ्ज, २८ जेठ

पर्सामा ट्राफिक नियमको पालना र सवारी दुर्घटना न्यूनीकरणका लागि सप्ताहव्यापी जनचेतनामूलक कार्यक्रम गरी ट्राफिक सप्ताह सम्पन्न गरिएको छ। जिल्ला ट्राफिक प्रहरी कार्यालय, पर्साको आयोजनामा जेठ २२ गतेदेखि सुरु भएको ट्राफिक सप्ताह बुधबार विशेष समारोहका साथ सम्पन्न भएको हो।

सप्ताह अवधिभर ट्राफिक प्रहरीले वीरगञ्ज महानगरको चोक-चोक र विद्यालय-विद्यालयमा पुगेर ट्राफिक नियमबारे जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरेको थियो। ट्राफिक सचेतना ऱ्याली, विद्यालयस्तरीय अन्तरक्रिया, पर्चा तथा पोस्टर वितरण, हेलमेट वितरण, सवारी साधन चेकजाँचजस्ता कार्यक्रममार्फत आम नागरिकमा सडक सुरक्षाप्रति चेतना फैलाउने प्रयास गरिएको थियो।

समापन समारोहमा वीरगञ्ज महानगरपालिकाका प्रमुख राजेशमान सिंह प्रमुख अतिथिका रूपमा सहभागी थिए। उनले ट्राफिक नियमबारे जनचेतना दिन एक दिनको कार्यक्रम पर्याप्त नरहेको भन्दै वर्षभर निरन्तर अभियान चलाउन आवश्यक रहेको धारणा राखे। 'ट्राफिक नियम पालना गराउने जिम्मेवारी ट्राफिक प्रहरीको मात्र होइन,' नगरप्रमुख सिंहले भने, 'सामूहिक रूपमा नियम पालनाको संस्कृति बसाल्न सके मात्र दुर्घटना न्यूनीकरण सम्भव हुन्छ।'

उपप्रमुख इम्तियाज आलमले शहरी मात्र नभइ ग्रामीण क्षेत्रमा पनि ट्राफिक नियमको पालना गर्नुपर्नेमा जोड दिए। उनले जनचेतनामूलक यस्ता कार्यक्रमको पहुँच बस्ती-बस्तीसम्म पुऱ्याउनुपर्ने आवश्यकता औंल्याए।

निमित्त प्रमुख जिल्ला अधिकारी सुमनकुमार कार्कीले नेपालमा दैनिक औसत सात जनाको सवारी दुर्घटनामा मृत्यु हुने गरेको तथ्यांक उल्लेख गर्दै कडाइका साथ नियम पालना गरिनुपर्ने बताए। उनले सवारी दुर्घटनामा परेर अकालमै ज्यान गुमाउनेको संख्या बढेकाले सरोकारवाला निकायबीच समन्वय गरेर दुर्घटना न्यूनीकरणतर्फ अघि बढ्नुपर्ने बताए।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रमुख एसपी गौतम मिश्रले ट्राफिक प्रहरीसँग पूर्वाधारको कमी रहेको भन्दै आवश्यक संरचनाको अभावमा कार्यान्वयनमा चुनौती आएको बताए। 'सडकमा बत्ती, संकेत बोर्ड, जेब्राक्रस जस्ता संरचना आवश्यक छन्,' उनले भने, 'स्थानीय तहले यस्ता पूर्वाधारको व्यवस्था गरिदिएमा ट्राफिक व्यवस्थापन अझ प्रभावकारी हुन्छ।'

## आँबुखैरेनी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**आँबुखैरेनी, तनहुँ**
**गण्डकी प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशय पत्रको सूचना

**प्रकाशित मिति :- २०८२/०२/२९**

यस गाउँपालिकाबाट तपसिल बमोजिम कार्यको लागि बोलपत्र आव्हान सूचना प्रकाशन गरिएअनुसार पर्न आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्र दाताले न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएकोले मूल्याङ्कन समितिबाट स्वीकृतिको लागि सिफारिस भएकोमा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| क्र.स. | ठेक्का नं. | कामको विवरण | फर्मको नाम ठेगाना | कुल कबोल अंक मु.अ. कर सहित | कैफियत |
|---|---|---|---|---|---|
| १ | AKRM/AKH/NCB/Medicine Goods/2081-082 | Procurement of Supply and delivery of Medicine Goods | Sun Pharmacy, Pokhara8-, Kaski | 37,15,147.20 | |
| | | | Dhurbatara Medilink, Pokhara-8, Kaski | 40,48,318.85 | |
| | | | Pearl Meditech Pvt.ltd. Bharatpur-12, Chitwan | 10,28,588.00 | |
| २ | AKRM/AKH/NCB/Surgical Goods/2081-082 | Procurement of Supply and delivery of Surgical Goods | Popular Connection Nepal Pvt. Ltd., Kathmandu-16, Banasthali | 34,10,515.15 | |
| ३ | AKRM/AKH/NCB/Laboratory Goods/2081-082 | Procurement of Supply and delivery of Lab Common Goods | Supreme Trading, Tripureshwor, Kathmandu | 25,71,015.71 | |
| ४ | AKRM/AKH/NCB/Dialysis Goods/2081-082 | Procurement of Supply and delivery of Dialysis Goods | Gosaikunda Medicine Suppliers Pvt.Ltd, Kathmandau-9, Tarkeshwor | 26,26,752.00 | |
| ५ | AKRM/AKH/NCB/Mindray Biochemistry Anaylesr & CLIA Goods/2081-082 | Procurement of Supply and delivery of Biochemistry Analyser & CLIA Mindray Goods | Bijita Medicine Center,Bharatpur-10,Chitwan | 23,13,251.79 | |
| ६ | AKRM/AKH/NCB/EDAN Haematology Coolter Goods/2081-082 | Procurement of Supply and delivery of Haematology Coolter EDAN Goods | Bikash Surgical Concern Pvt. Ltd., Tripureshwor, Kathmandu | 4,20,134.00 | |
| ७ | AKRM/AKH/NCB/Electrolyte Analyser Goods/2081-082 | Procurement of Supply and delivery of Electrolyte Analyser Goods | Total Medico solution Pvt.Ltd.Pokhara-7, ratanchok kaski | 4,19,230.34 | |
| ८ | AKRM/AKH/NCB/Protein Analyser Goods/2081-082 | Procurement of Supply and delivery of Protein Analyser Goods | Supreme Trading House, Tripureswor, Kathmanadau | 1,48,199.50 | |
| ९ | AKRM/AKH/NCB/X-Ray Goods/2081-082 | Procurement of Supply and delivery of X-Ray Film Goods | Nirijama Medico Suppliers,Madhyapur Thimi-6, Bhaktapur | 3,52,560 | |
| १० | AKRM/AKH/NCB/Dental Goods/2081-082 | Procurement of Supply and delivery of Dental Goods | Goodluck Surgical And Dental trade Pvt. Chandragiri-4 Kathmandau | 3,38,999.43 | |

**आँबुखैरेनी गाउँपालिका**

मध्यान्ह
www.madhyanhadaily.com
२९ जेठ २०८२ बिहीबार
12 June 2025, Thursday

## सम्पादकीय

### सरकारको उल्टो बाटो

पत्रकार दिलभुषण पाठकविरूद्ध पक्राउ पुर्जी जारी भएपछि विभिन्न संघसंस्थाहरूले चर्को आपत्ति जनाएका छन् । पत्रकारका संस्थाहरूले एकस्वर भएर पत्रकार पाठकलाई पक्राउ गर्न जिल्ला अदालत काठमाडौंले दिएको अनुमतिप्रति आपत्ति जनाएका हुन् । प्रहरीको साइबर ब्यूरोमा विद्युतीय कारोबार ऐन अन्तर्गतको साइबर कसुरमा उजुरी परेपछि पक्राउका निम्ति अदालतसँग अनुमति मागिएको थियो । पत्रकार पाठकले जयबीर देउवासँग सम्बन्धित समाचार सामग्री यूट्युबमा प्रकाशित गरेका थिए । जयवीर नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र परराष्ट्रमन्त्री आरजु राणा देउवाका छोरा हुन् । यही सम्बन्धका कारण प्रहरीले पाठकलाई पक्राउ गर्ने प्रक्रिया अगाडि बढाएको बुझ्न सकिन्छ । जबकि आम सञ्चार माध्यममा प्रकाशित/प्रसारित सामग्रीप्रति चित्त नबुझ्दा जाने निकाय प्रहरी नभएर प्रेस काउन्सिल र अदालत हो ।

तर दर्ता भएको उजुरी बमोजिम पत्रकार पाठकलाई पक्राउ गर्ने प्रक्रिया प्रहरीले अगाडि बढायो । यो घटना सँगसँगै समय मिल्नेगरी काठमाडौं जिल्ला अदालतबाटै केही अनलाइनमा प्रकाशित समाचार हटाउन पनि आदेश आयो । पत्रकारविरूद्ध पक्राउ पूर्जी र प्रकाशित समाचार हटाउन दिइएको आदेशपछि सञ्चार क्षेत्र आक्रोशित छन् । पत्रकारका संस्थाहरूले समाचार हटाउने र पत्रकारविरूद्ध पक्राउ पूर्जी जारी हुनु संवैधानिक व्यवस्था बिपरीतका निर्णय भनिरहेका छन् । केही समय अगाडि एक अनलाइन माध्यममा प्रकाशित समाचार हटाउन काठमाडौं जिल्ला अदालतले आदेश दिएको थियो । अर्थात् एकपछि अर्कोगरी पूर्ण प्रेस स्वतन्त्रताको अधिकारविरूद्ध गतिविधि भइरहेको छ । यसलाई नागरिक अधिकारकर्मीहरूले अनुचित र सच्याउनुपर्ने निर्णय भनिरहेका छन् ।

वर्तमान सरकार आमसञ्चार माध्यमप्रति अनुदार रहेको पुष्टि हुने घटनाक्रम यतिमै टुंगिदैन । केही समय अगाडि प्रधानमन्त्री केपी शर्मा ओली आफैले आमसञ्चार माध्यमहरूप्रति अविश्वास सिर्जना गर्नेगरी अभिव्यक्ति दिएका थिए । आफ्नाविरूद्धमा समाचार आउने गरेको र त्यस्ता मिडियाप्रति विश्वास नरहेको प्रधानमन्त्रीको अभिव्यक्ति थियो । आमनागरिकको अधिकार कुण्ठित हुनेगरी भएका निर्णयको लामै शृङ्खला तयार हुन्छ । अहिले पुरा रिङरोडभित्र निषेधाज्ञा लगाइएको छ । राजावादी गतिविधि नियन्त्रण गर्ने भनेर सिफल, कोटेश्वर र बल्खु बाहेकका क्षेत्रमा निषेधाज्ञा लगाइएको छ । निषेधाज्ञाको निर्णयले सरकारसँग असन्तुष्टि राखेर विरोध प्रदर्शन गर्न पाइने नागरिक अधिकार खोसिएको छ । सामाजिक सञ्जालहरूमा कडाइ गर्नेगरी कानुनका मस्यौदा बनाइदैछ । अर्थात् सरकार नागरिकको मुख थुन्ने दिशामा उद्दत देखिन्छ । सरकारले हिंडेको यो गलत बाटो हो, सच्याइनुपर्छ ।

# उद्यमशीलताको अभाव र वैदेशिक रोजगारी

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'



सरकारले यसपालिको बजेटलाई उद्यमशीलता र रोजगारी केन्द्रित बजेट भनेको छ तर, नेपालीहरू भने दैनिक वैदेशिक रोजगारीमा जान बाध्य छन् । उद्यमशीलता र रोजगारीका लागि त प्रशस्त उद्योग, कलकारखाना खुल्नुपर्ने हुन्छ, त्यसका लागि सरकार र निजी क्षेत्रले ठूलो लगानी पनि गर्नुपर्ने हुन्छ र लगानी वातावरण पनि तय गर्नुपर्ने हुन्छ, विगत लामो समयदेखि यस्तो अवस्था छैन र भएका उद्योगहरूमा राजनीतिको झन्डा फहराइएको छ । यहाँ उत्पादन हुने अन्नबाली पनि देशले आयात गरेर व्यापार घाटा सहिरहेको छ, उच्च ऋणमा परेको छ, बरु संसारमै अब्बल विप्रेषणको धनी देश भएको छ नेपाल । भए भरका श्रमिक निर्यात गरेर, यहाँ भए, रहेकालाई भने राजनीतिको झन्डा बोक्न लगाएको छ हाम्रो लोकतन्त्रले ।

विदेश जानका लागि पनि श्रम गन्तव्यमा विविधीकरण गर्ने, बजेटमा हरेक साल यस्तै भनिन्छ, तर प्रभावकारी कार्यान्वयन हुने गरेको छैन । यसो भनौं नीति तथा कार्यक्रम पेस गर्दाका अर्थमन्त्री वा बजेट पेस गर्दाका अर्थमन्त्री वा यसको कार्यान्वयनका अर्थ मन्त्री फरक-फरक हुने गरेको विगतको अनुभव छ । अझै पनि राजनीति सङ्लिएको अवस्था छैन र छिमेकीले दर्जनौं बजेट एकै व्यक्तिले पेस गरिरहेको सन्दर्भमा हाम्रो राजनीति निकै तरल भएकाले हाम्रो कथा व्यथा फरक छ, बदलिरहे पनि हामीकहाँ आउने भनेका उही सिन्डिकेटबाटै हो कालो, गोरो उही पालैपालो ।

श्रम कूटनीतिको माध्यमबाट थप देशहरूसँग दुई पक्षीय श्रम सम्झौता गरी वैदेशिक रोजगारीको दायरा फराकिलो पार्ने भनिएकोमा यस वर्ष कुनै पनि थप देशसँग श्रम सम्झौता भएको छैन । सरकारले विदेशी रोजगारीबाट फर्केकाहरूको सीप, पुँजी, प्रविधि सदुपयोग गर्ने भनेको पनि धेरै समय भइसकेको छ । अहिलेको बजेटमा पनि भनिएको छ, तर विगतको कार्यान्वयन भएको छैन । प्रविधिको सट्टा बरु केयर गिभरका रूपमा मानिसहरू विदेश गइरहेका छन् । मोटो रकम सम्बद्ध पक्षलाई दिएर, अनेकानेक रोगहरूसँग सामना गरिरहेका छन्, कतिको मृत्यु भइरहेको छ । हालैको आँकडा हेर्दा पनि गत चैत्रसम्ममा १० प्रतिशतले रेमिटेन्स बढेको छ । ११ खर्ब ९१ अर्ब ३१ करोड रकम पुगेको छ, अघिल्लो यसै समयको तुलनामा यो रकम १६.६९ प्रतिशतले बढी हो । र त राष्ट्र बैंक भन्छ, देशमा विदेशी मुद्राको अभाव छैन, न बैंकहरूमै रकमको अभाव छ । तर, तरलता बढेसँगै बजारबाट राष्ट्र बैंकले हरेक हप्ता मोटो रकम खिचिरहेको छ । लगानी वातावरण नभएर यसो भएको हो । बचत कर्ताहरूले सामान्य बचतको व्याज पनि नपाएर खिन्न छन् । बजार चलायमान नहुँदा, आम मानिसले बेरोजगारीको पीडा भोगिरहँदा, औद्योगिक चहलपहलको साटो व्यापारिक चहलपहल मात्रै हुँदा देशमा हुने वातावरण यही नै हो ।

अघिल्लो वर्षसम्म नेपाली श्रमिकहरूको पहिलो गन्तव्य मलेसिया भइरहेको थियो, ऊ अब आठौंमा धकेलिएको छ । पहिलो त अब युएई भएको छ, जहाँ यहाँबाट जाने श्रमिकमध्ये ४० प्रतिशत बढीको गन्तव्य भएको छ । युएईमा उद्योगहरू बढ्दै आएका र उत्पादन वृद्धि हुँदै आएकाले नेपाली श्रमिकको बढी आपूर्ति भएको छ अहिले, सेवा क्षेत्रका उद्यमीहरू पनि पर्याप्त भएकाले । दोस्रो गन्तव्य बनेको छ साउदी अरब जहाँ १६.२ प्रतिशत पुगेका छन् भने कतार तेस्रो भएको छ । आफ्नो मागलाई १०.५२ प्रतिशत पुर्‍याएर । कुवेत चौथो भएको छ ८.२२ प्रतिशतले । मलेसिया पहिले १७.३५ प्रतिशतमा थियो भने अब ०.३४ प्रतिशतले आठौंमा पुगेको हो । त्यस्तै, जापान ३.७८ प्रतिशतमा, ओमान ०.९९ प्रतिशतमा र बहराइनमा जान श्रम स्वीकृति लिने नेपालीहरूको संख्या १.३६ प्रतिशतमा देखिएको छ ।

उद्योगका नाममा दैनिक प्रयोगमा आउने टिस्यु पेपर, महिलाहरूको प्याड, खाना खाएपछि दाँत सफा गर्ने आफ्नै देशको बाँस प्रयोग भई बन्न सक्ने सिन्का, जीउका जनैदेखि साल टपरीमा प्रयोग हुने पेपरसमेत विदेशबाट आयात गर्ने गरिन्छ । धान, चामल, मर्क, गहुँ, कोदो, फापर, दूध धूलो, माछा, मासु त गरिन्छ नै, विषादीयुक्त तरकारी अनि फलफूल पनि । स्वदेशीहरू बाबुसाव हुँदै राजनीति गर्ने, लाड्साप हुँदै बिचौलिया बन्ने उद्योगमा लाग्ने जनशक्ति उच्च राजनैतिक छायाबाट प्रेरित भई व्यापारमा लाग्ने, छिटो धनी हुने, कर, भन्सार छूटमा दौडधुप गर्ने बाँकीले बेरोजगार भई सडकमा होहल्ला गरी समय बिताउनु पर्ने अवस्था विद्यमान राजनैतिक प्रणाली र यसका संवाहकहरूले गरेका छन् । भ्रष्टाचार छोप्न नयाँ-नयाँ काण्डहरू ल्याउँदै छन्, आम नेपाली बौद्धिक जगत् गुमराहमा छ र टुलुटुलु हेरिबसेको छ । कुनै घर परिवार छैन, जसले आफ्ना सन्तान सबैसँग बसेर सुख्खा रोटी, ढिँडो, पिठो खाएको होस् ।

पहिले सन्तान स्कूलबाट फर्कंदा खेतबारीमा खोज्थे आमा बाबुलाई, परिस्थिति धेरै उल्टो छ । यो दुरावस्था हो । सरकारी ढुकुटी त भरियो, सन्तानको माया, प्रेम रित्तो छ । समय बदलिएसँगै परिवेश बदलियो होला तर खाद्यान्न समेत विदेशबाट आपूर्ति गरी देश छोड्नु त्यो पनि

> *श्रम कूटनीतिको माध्यमबाट थप देशहरूसँग दुई पक्षीय श्रम सम्झौता गरी वैदेशिक रोजगारीको दायरा फराकिलो पार्ने भनिएकोमा यस वर्ष कुनै पनि थप देशसँग श्रम सम्झौता भएको छैन । सरकारले विदेशी रोजगारीबाट फर्केकाहरूको सीप, पुँजी, प्रविधि सदुपयोग गर्ने भनेको पनि धेरै समय भइसकेको छ...*

अधिकांश युवाले, यो राम्रो चालाबाला हुँदै होइन । कुनै देश यो पाराले समृद्ध हुन्न, विप्रेषणसँगै भयावह रोग पनि भित्रिएकै छ, पारिवारिक संरचना खलबलिएको छ, विवाहमा जन्ती र मृत्युमा मलामी नभएको अवस्था छ । विद्यार्थी नै भएर युवा पलायन हुँदा पनि शिक्षण शुल्क भन्दै कर असुलिएको छ । पासपोर्ट, भिसामा मनग्ये खर्च त भएकै छ र वैदेशिक रोजगारी कर पनि लिएको छ सरकारले । यहाँ पढ्ने वातावरण भएन, यहाँ काम गर्ने वातावरण भएन भनी निसास्सिएर विदेश धकेलिँदा उल्टो कर तिर्नुपर्ने अवस्थाले हाम्रो लोकतन्त्र साह्रै नै लोभी छ भन्ने बुझ्नुपर्छ, जसले ३ वर्ष हुँदा कानुनले तोकेको तलब दिन सक्दैन कर्मचारीलाई र वृद्ध भत्ताका लागि ६८ वर्षे उमेर हदबाट ७० मा लगेर लोभको पराकाष्ठा देखाइरहेको छ ।

अन्य राजनैतिक कर्ममा पैसा हुने, गणेशमान स्मृति भनेर भातृ संगठन तरुण दलको भवन बनाउन पैसा दिने र गणतन्त्रका राष्ट्रपतिलाई अर्बौं रकम दिन सक्ने लोकतन्त्रले कर्मचारी र बूढाबूढीको 'सिम्प्याथी' लिन सकेन र निराश बनाएको छ । यस्तै, निराशाले नै नेपालीहरू देशप्रति भन्दा विदेश मोहित भएका हुन् ।

## इतिहासमा आज

१२ जुन २०१६ मा संयुक्त राज्य अमेरिकाको फ्लोरिडाको ओर्लान्डोमा रहेको समलिंगी नाइट क्लबमा भएको आक्रमणमा ४९ जना सर्वसाधारणको मृत्यु र ५८ जना घाइते भएका थिए । बन्दुकधारी ओमर मतीन प्रहरीसँगको गोली हानाहानमा मारिएका थिए ।



१२ जुन २०२४ मा कुवेत शहरको मङ्गाफमा रहेको एक आवासीय भवनमा आगलागी हुँदा कम्तिमा ५० जनाको मृत्यु भएको थियो ।



१२ जुन २००९ मा इरानमा विवादित राष्ट्रपति चुनावले व्यापक स्थानीय र अन्तर्राष्ट्रिय विरोध प्रदर्शन निम्त्याएको थियो ।



१२ जुन २०१८ मा संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्प र उत्तर कोरियाका किम जोङ-उनले सिंगापुरमा आफ्ना २ देशका नेताहरूबिचको पहिलो बैठक गरेका थिए ।



# फर्किएका युवालाई कसरी टिकाउने ?

विचार



● दिनेश अर्याल

> *वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूको सीप र ज्ञानको सदुपयोगका लागि दीर्घकालीन सोच र ठोस कार्ययोजना अपरिहार्य छ । उनीहरूलाई केवल रेमिट्यान्सको स्रोतका रूपमा मात्र नहेरी राष्ट्र निर्माणका महत्वपूर्ण साझेदारका रूपमा हेरिनुपर्छ...*

